सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# आ.व. २०७८/०७९ को श्रावण देखि आश्विन महिनासम्म सम्पादन गरिएको कार्यहरुको त्रैमासिक विवरण

# स्वतः प्रकाशन
# (Proactive Disclosures)




नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय

सुर्खेत

**नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३।३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । सोही बमोजिम यस कार्यालयबाट सम्पादन भएका २०७८ श्रावण देखि असोज महिनासम्म सम्मको त्रैमासिक विवरण प्रकाशन गरिएको छ ।**

**(क) परिचय :**

स्थानीय प्रशासन ऐन २०२२, मधेश गोश्वारा ऐन २०१२ काठमाण्डौ उपत्यकाञ्चल कमिश्नर मेजिष्ट्रटको सवाल २००९, गौडा गोश्वरा सम्बन्धी प्रशासन (सामाजिक) ऐन २०१९, मधेश गोश्वारा ऐन २०१२ (पहाड तर्फ समेत) लागु गर्ने ऐन २०१४ खारेज गरी स्थानीय प्रशासन ऐन २०२८ जारी भएको हो । स्थानीय प्रशासन सम्बन्धी कानूनलाई विकेन्द्रीत प्रशासन व्यवस्था अनुरुप संशोधन र एकीकरण गर्न तथा शान्ति र व्यवस्था कायम राख्न ऐनद्वारा प्रमुख जिल्ला अधिकारीको कार्यालय रहने व्यवस्था भएको हो । कार्यालयको नाम प्रमुख जिल्ला अधिकारीको कार्यालय, जिल्ला कार्यालय हुँदै जिल्ला प्रशासन कार्यालयमा रुपान्तरण भएको छ ।

**(ख) कार्यालयको स्वरुप र प्रकृति :-**

स्थनीय प्रशासन ऐन २०२८ अनुसार प्रत्येक जिल्लामा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था बमोजिम जिल्ला प्रशासन कार्यालयको स्थापना भएको हो । उक्त ऐनले गरेको व्यवस्था अनुसार नेपाल सरकारको जिल्ला स्थित प्रतिनिधीको रुपमा रहने प्रमुख जिल्ला अधिकारीले यस कार्यालयको प्रमुख प्रशासकीय अधिकारीका रुपमा भूमिका निर्वाह गरेको हुन्छ । जिल्लाको प्रमुख प्रशासकिय निकाय हुनुका साथै कानून बमोजिम विभिन्न मुद्दाहरुको शुरु कारवाही र किनारा लगाउने यो एक अर्धन्यायिक निकाय पनि हो ।

**(ग) काम, कर्तव्य र अधिकार**

**जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार :**

१. आन्तरिक सुरक्षासम्बन्धी नीति, योजना तथा स्थानीय स्तरमा कार्यक्रमको कार्यान्वयन;
२. जिल्लामा शान्ति व्यवस्था र सुरक्षा कायम राख्ने;
३. हातहतियार र खरखजानाको इजाजत सम्बन्धी सिफारिस र नियन्त्रण;
४. विस्फोटक पदार्थ सिफारिस र नियमन;
५. विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन;
६. सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन;
७. गैरसरकारी, सङ्घ, संस्था दर्ता, नवीकरण र नियमन;
८. स्थानीय प्रशासनको सञ्चालन;
९. नागरिकता वितरण;
१०. बाल कल्याण तथा बाल अधिकारको संरक्षण;
११. कार्यालय निरीक्षण तथा अनुगमन;
१२. कल्याण धन र बेवारिसी धनको व्यवस्थापन;
१३. चिठ्ठा, जुवा आदिको नियन्त्रण;
१४. सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको

नियन्त्रण;

१५. विपद् व्यवस्थापन;
१६. जिल्ला स्तरमा सार्वजनिक उत्सव;
१७. मुआब्जा निर्धारण तथा वितरण;
१८. पुरस्कार तथा सजाय सम्बन्धी कारवाही र सिफारिस;
१९. जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पत्तीको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने;
२०. राहदानी वितरण;
२१. लागू औषध नियन्त्रण र प्रशासन;
२२. जिल्ला स्थित कारागारको व्यवस्थापन;
२३. जिल्ला भित्र बजार अनुगमन, नियमन तथा नियन्त्रण;
२४. द्वन्द्व प्रभावितको पहिचान तथा राहत वितरण;
२५. नाता प्रमाणित;
२६. निर्वाचन सम्बन्धी गृह मन्त्रालय र निर्वाचन आयोगको आदेश निर्देशन कार्यान्वयन;
२७. जिल्ला स्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको परिचालन र प्रयोग;
२८. राष्ट्रिय अनुसन्धानसँगको समन्वय सूचना सङ्कलन र विश्लेषण;
२९. जिल्लामा सञ्चालित विकास निर्माण कार्यमा सहयोग;
३०. कानून बमोजिम तोकिए अनुसार विभिन्न मुद्दाको सुरु कारवाही र किनारा गर्ने ।
३१. सरकारी वा सार्वजनिक जग्गामा घर बनाएमा रोक्का गर्ने र भत्काउने ।
३२. जिल्ला भित्रको सार्वजनिक पार्टी, पौवा, धारा, कुवा, सत्तल, मन्दिर, धर्मशाला आदिको लगत राख्ने ।
३३. पुरातात्विक/सार्वजनिक सम्पत्तिको अभिलेख राख्ने, संरक्षण गर्ने ।
३४. राष्ट्रिय परिचय पत्रको विवरण दर्ता कार्य गर्ने,
३५. अन्य तोकिएका कार्यहरु ।

**(घ) कर्मचारी दरवन्दी तेरिज :**

| सि.न. | कर्मचारीको पद | श्रेणी | सेवा | समूह | पद सख्या | पद पुर्ति भएको सख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | प्र.जि.अ. | रा.प.प्रथम श्रेणी | प्रशासन | सामान्य प्रशासन | १ | १ | |
| २. | स.प्र.जि.अ. | रा.प.द्वितिय श्रेणी | प्रशासन | सामान्य प्रशासन | १ | १ | |
| ३. | प्रशासकीय अधिकृत | रा.प.तृतिय श्रेणी | प्रशासन | सामान्य प्रशासन | ३ | ३ | |
| ४. | ना.सु. | रा.प.अन. प्रथम श्रेणी | प्रशासन | सामान्य प्रशासन | १० | १० | |
| ५. | क.अ. | रा.प.अन. प्रथम श्रेणी | विविध | विविध | ३ | ३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. | लेखापाल | रा.प.अन. प्रथम श्रेणी | प्रशासन | लेखा | १ | १ | |
| ७. | खरिदार | रा.प.अन. द्वितिय श्रेणी | प्रशासन | सामान्य प्रशासन | ५ | ५ | |
| ८. | का.स. | श्रेणी विहिन | | | ८ | ८ | |
| ९. | ह.स.चा | श्रेणी विहिन | करार सेवा | | २ | २ | |

**(ङ) कर्मचारी विवरण (फाँट अनुसार)**

| क्र.सं. | कर्मचारीको नाम,थर | दर्जा | मोवाईल नम्बर | सम्वन्धित फाँट |
|---|---|---|---|---|
| १ | श्री छविलाल रिजाल | प्रमुख जिल्ला अधिकारी | ९८५८००७७७७ | |
| २ | **श्री रोम बहादुर महत** | **सहायक प्रमुख जिल्ला अधिकारी** | ९८५८०७७७९७ | |
| ३ | श्री पदमलाल लामिछाने | प्रशासकीय अधिकृत | ९८४८०२७४०३ | |
| ४ | श्री श्रीसम्शेर राना मगर | प्रशासकीय अधिकृत | ९८४८०४०७०० | |
| ५ | श्री राम बहादुर बुढा | प्रशासकीय अधिकृत | ९८४८०५०७८६ | |
| ७ | श्री देव प्रसाद उपाध्याय | लेखापाल | ९८६८२९०१७७ | लेखा फाँट |
| ८ | श्री नवराज बम | नायव सुब्बा | ९८४८३०२५५३ | नागरिकता फाँट |
| ९ | श्री यामबहादुर अधिकारी | नायव सुव्वा | ९८४८०४०९५७ | प्रशासन फाँट/जिन्सी |
| १० | श्री राम बहादुर चौधरी | नायव सुव्वा | ९८४८१०७२०१ | मुद्दा फाँट |
| ११ | श्री दुर्गा प्रसाद आचार्य | नायव सुब्बा | ९८६६८९५८८८ | प्रशासन फाँट |
| १२ | श्री सीता कंडेल | नायव सुब्बा | ९८४८२३३६२८ | DEOC |
| १३ | श्री दुर्गा खनाल | नायव सुब्बा | ९८४८२८२८४५ | राहदानी फाँट |
| १४ | श्री दिपक प्रसाद शर्मा | नायव सुब्बा | ९८४८१६९०३९ | नागरिकता फाँट |
| १५ | श्री डिनायट घर्ती | नायव सुब्बा | ९८५८०७६७५५ | मुद्दा फाँट |
| १६ | श्री शेर बहादुर तिरुवा | नायव सुब्बा | ९८१८०९३१४० | संघ संस्था फाँट |
| १७ | **श्री सुरज श्रेष्ठ** | **कम्प्यूटर अपरेटर** | ९८४८०४०१४३ | कम्प्यूटर फाँट |
| १८ | **श्री निर्मला कुमारी वम** | **कम्प्यूटर अपरेटर** | ९८६७३१६५८३ | नागरिकता फाँट |
| १९ | श्री ईश्वर रेग्मी | कम्प्युटर अपरेटर | ९८५८०५१५६५ | नागरिकता फाँट |
| २० | श्री विदुर कटुवाल | कम्प्यूटर अपरेटर (करार) | ९८४८०३७९३० | राष्ट्रिय परिचय पत्र फाँट |
| २१ | श्री लोक विजय पोखेल | कम्प्यूटर अपरेटर (करार) | ९८४१४४५०७९ | राष्ट्रिय परिचय पत्र फाँट |
| २२ | श्री खिमा पौडेल | खरिदार | ९८४८२९२५५० | दर्ता, चलानी फाँट |
| २३ | श्री सरस्वती कुमारी रेग्मी | खरिदार | ९८४८००७७९२ | प्र.जि.अ.ज्यूको पि.ए. फाँट |
| २४ | श्री देव बहादुर ठाडा | खरिदार | ९८४८११७८७३ | राहदानी फाँट |

| | | | | |
|---|---|---|---|---|
| २५ | श्री धर्मराज बुढा | खरिदार | ९८६३१६२२१५ | मुद्दा फाँट |
| २६ | श्री भगिराम शर्मा | खरिदार | ९८५८०६०९४४ | नागरिकता फाँट |
| २७ | श्री पूर्ण बहादुर रावत | खरिदार | ९८६८०७२६४७ | नागरिकता फाँट (काजमा) |
| २८ | श्री कुलदेव गिरी | कार्यालय सहयोगी | ९८४८०४९०६० | नागरिकता फाँट |
| २९ | श्री धनबहादुर डि.सी. | हल्का सवारी चालक (करार) | ९८४८०६५७२८ | |
| ३० | श्री लिलाराम पौडेल | कार्यालय सहयोगी (करार) | ९८४८१०५९१२ | |
| ३१ | श्री नरबहादुर भण्डारी | कार्यालय सहयोगी (करार) | ९८६८१०९५४६ | |
| ३२ | श्री अञ्जली गौतम | कार्यालय सहयोगी (करार) | ९८४७१८६६७३ | |
| ३३ | श्री खगेन्द्रनाथ योगी | कार्यालय सहयोगी (करार) | ९८४८१९०७८५ | |
| ३४ | श्री कर्मा कुमारी सिंह | कार्यालय सहयोगी (करार) | ९८६८०२७८३१ | |

**(च) मुख्य कार्यहरु/शाखा विभाजन**

जिल्ला प्रशासन कार्यालयका शाखा एवम् मुख्य कार्य विभाजनः

**१. स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा :**

क. नाबालक परिचय पत्र वितरण

ख. भारतीय पेन्सनर तथा अन्य पेन्सनरको सिफारिस

ग. सवारी साधन अनुमति

घ. कार्यालय प्रमुखहरुको विदा र काज सम्वन्धि

ङ. प्रतिनिधि खटाउने

च. कर्मचारीहरुको अभिलेख

छ. सर्वदलिय तथा कार्यालय प्रमुखहरुको बैठक

ज. कर्मचारी प्रशासन सम्बन्धी कार्य

झ. सुचना टाँस तथा जिल्ला स्थित विविध लेखापढी

ञ. विभागिय परिपत्रहरुको जिल्लाका अन्य कार्यालयहरुमा परिपत्र गर्ने

ट. कालो बजारी नियन्त्रण तथा बजार अनुगमन

ठ. विशिष्ट व्यक्तिहरुको जिल्ला भ्रमणमा शान्ति सुरक्षा व्यवस्था मिलाउने कार्य

ड. विशिष्ट व्यक्तिहरुको लागि सवारी साधनको व्यवस्था

ढ. शान्ति सुरक्षा सम्बन्धि सम्पुर्ण कार्यहरु

ण. हातहतियार दर्ता तथा नविकरण र नामसारी सम्बन्धि कार्यहरु

**२. मुद्दा शाखा**

क. ठाडो उजुरी तथा मुद्धा मामिला सम्बन्धि सम्पूर्ण कार्यहरु

**३. नागरिकता शाखा**

क. नागरिकता सम्बन्धि सम्पूर्ण कार्यहरु गर्ने

ख. यस अन्तर्गतका नयाँ ना.प्र.प. जारी गरिने सेवा क्षेत्रका गा.पा./न.पा.हरुः

सिम्ता, गुर्भाकोट, लेकवेशी, भेरीगंगा, वीरेन्द्रनगर, बराहताल, चिङ्गाड साथै पञ्चपुरी न.पा. र चौकुने गा.पा. हरुका सेवाग्राहीहरुलाइ इलाका प्रशासन कार्यालयबाट सेवा दिइएको छ ।

ग. नागरिकता प्रतिलिपि, अभिलेख सम्बन्धि र सामान्य विवरण सच्याउने लगायत MRP राहदानीको सिफारिसका लागि अभिलेख भिडाउने, अभिलेख राख्ने कार्यहरु लगायत सम्बन्धित सम्पूर्ण कार्यहरु ।

**४. लेखा शाखा**

क. आर्थिक कारोबार सम्बन्धि सम्पूर्ण कार्यहरु

ख. आन्तरिक द्वन्द पिडितलाई राहत वितरण सम्बन्धि सम्पूर्ण कार्यहरु

ग. अनुदान वितरण सम्बन्धि कार्यहरु

घ. तेस्रो पक्ष विमा वापत क्षतिपूर्ती रकम वितरण

**५. संघसंस्था शाखा**

क. संस्था दर्ता र नविकरण सम्वन्धी

ख. पत्रपत्रिका दर्ता र नविकरण सम्वन्धी

**६. राहदानी शाखा**

क. साधारण राहदानीको सिफारिस एवं प्राप्त राहदानीहरु वितरण

ख. द्रुत राहदानी सिफारिस

**(छ)** <u>सेवा प्राप्त गर्न लाग्ने दस्तुर</u>

यस कार्यालयबाट प्रदान गरिने सेवाहरुका लागि (राहदानी र कानूनले निश्चित दस्तुर लाग्ने भनी तोकेको वाहेक) रु.१०/-को टिकट मात्र लाग्नेछ ।

१. नयाँ नागरिकताको अनुसूची फाराममा रु.१०।- र प्रतिलिपि नागरिकताको लागि र.१३।- को हुलाक टिकट ।

२. सामान्य राहदानीको लागि रु.५,०००।-

३. हराएको/केरमेट गरी विगारिएको/विदेशमा गइ एकपानाको ट्राभल्स डकुमेन्टबाट स्वदेश फिर्ता आएको/अन्य कुनै तरिकाबाट राहदानी विगार्नेहरुका लागि रु. १०,०००।-

४. मुद्दामामिलाको कागजात प्रमाणित गर्न मुलुकी ऐन कागज जाँचको १७ नं.अनुसार लाग्ने टिकट दस्तुर ।

५. संस्था दर्ताको(नयाँ)लागि रु.१,०००।-

६. संस्था नवीकरणको लागि आर्थिक वर्ष समाप्त भएको मितिले ९० दिनभित्र अएमा रु.५००।- र सो म्याद भुक्तान भएपछि नियमानुसार थप शुल्क समेत लाग्नेछ ।

**(ज) सेवा प्राप्त हुने अवधि**

- नेपाली नागरिकताको प्रमाणपत्र, संघसंस्था नवीकरण, हातहतियार नवीकरण, राहदानी सिफारिस, राष्ट्रिय परिचय पत्र दर्ता लगायतका कामहरु निर्दिष्ट कागजातहरु पूरा भएको खण्डमा सोही दिन सेवा प्रदान गरिनेछ ।
- साधारण नेपाली राहदानी प्राप्त गर्न राहदानी ऐन तथा नियमावली बमोजिम तोकिएको दस्तुर सहित निवेदन पेश भएको अवस्थामा साधारणतया ३५ दिनमा प्राप्त गर्न सकिनेछ ।
- संस्था दर्ता, नवीकरण, हातहतियार दर्ताका लागि आवश्यक प्रमाण कागजात पूरा भएको अवस्थामा सोही दिन र अन्य निवेदन तथा सिफारिसहरु सोही दिन सेवा प्राप्त गर्न सकिनेछ ।
- सार्वजनिक अपराध तथा हातहतियार सम्बन्धि मुद्दा अङ्ग पुरा भए पछि ।

**(झ) त्रैमासिक कार्य सम्पादन विवरण (श्रावण देखि आश्विनसम्म)**

| सि.नं. | कामको विवरण | इकाई | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | नेपाली नागरिकता प्रमाणपत्र | | | |
| १.१ | नागरिकता वितरण (नयाँ) | वटा | ३३७९ | |
| १.२ | वैवाहिक अंगीकृत नागरिकता (नयाँ) | वटा | १ | |
| १.३ | नागरिकता प्रतिलिपी | वटा | ४९६४ | |
| १.४ | पुरानो नागरिकता कम्प्युटर प्रविष्टी | वटा | ४६८ | |
| २ | राहदानी सिफारिस जम्मा संख्या | वटा | | |
| २.१ | (क) जिल्लाबाट सिफारिस | वटा | १०८० | |
| २.२ | (ख) द्रुत सेवा सिफारिस | वटा | ४९५ | |
| ३ | अन्य विभिन्न सिफारिस | वटा | २०१५ | |
| ४ | मुद्दा तथा अन्य उजुरी | | | |
| ४.१ | मुद्दा दर्ता | वटा | २५ | |
| ४.२ | मुद्दा फछ्यौट | वटा | २१ | |
| ४.३ | ठाडो उजुरी दर्ता | वटा | १० | |
| ४.४ | ठाडो उजुरी फछ्यौट | वटा | १० | |
| ५ | विवाह दर्ता | वटा | | |
| ६ | न.पा./गा.पा.हरुको अनुगमन | पटक | ४ | |
| ७ | कार्यालय अनुगमन | पटक | ३ | |
| ८ | बजार अनुगमन | पटक | ८ | |
| ९ | संघसंस्था | | | |
| ९.१ | संघसंस्था दर्ता | वटा | १२ | |
| ९.२ | संघसंस्था नविकरण | वटा | ११० | |
| १० | कारागारमा बन्दीको संख्या | जना | ३२९ | |
| ११ | वैदेशिक रोजगार क्षतीपूर्ती | रकम | ० | |

| | | | | |
|---|---|---|---|---|
| १२ | दैवी प्रकोप राहत | रकम | ० | |
| १३ | सवारी दुर्घटनाबाट पिडितलाइ राहत रकम (विमा) | रकम | ० | |
| १४ | मृतकका हकदारलाई राहत | रकम | ० | |
| १५ | वेपत्ताका हकदारलाई राहत | रकम | ० | |
| १६ | टुहुरालाई राहत | रकम | ० | |
| १७ | अपाङ्गलाई राहत | रकम | ० | |
| १८ | राजश्व संकलन | रकम | ५६,८७,५५५.०० | |
| १९ | जिल्ला विपद व्यवस्थापन समितिको बैठक (DDMC) | पटक | २ | |
| २० | जिल्ला कोभिड व्यवस्थापन बैठक (DCMC) | पटक | ६ | |
| २१ | नाबालक परिचय पत्र | वटा | १३ | |
| २२ | हातहतियार नवीकरण | वटा | २१ | |
| २३ | राष्ट्रिय परिचयपत्रको विवरण दर्ता | वटा | २५९४ | |

**अन्य कार्यहरु :**

- ✓ कोभिड-१९ सम्भावित तेश्रो लहरको रोकथाम तथा नियन्त्रण र उपचारको लागि जिल्लागत कार्यायोजना तयार गरि कार्यान्वयन भइरहेको ।

**(ञ) राजश्व सम्वन्धी विवरण**

| सि.नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | कम्पनी रजिष्ट्रेशन दस्तुर | ९९५००।- | |
| २ | हातहतियार ईजाजत दस्तुर | १९०२५।- | |
| ३ | सरकारी सम्पत्तिको विक्री | ०।- | |
| ४ | एजेन्सी रजिष्ट्रेसन दस्तुर | १००००।- | |
| ५ | परीक्षा दस्तुर | ०।- | |
| ६ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ७९००।- | |
| ७ | न्यायिक दण्ड, जरिवाना र जफत | १४९००।- | |
| ८ | राहदानी दस्तुर | ५५३५०००।- | |
| ९ | बेरुजु दाखिता | ०।- | |
| १० | अन्य प्रशासनिक सेवा शुल्क | १२३०।- | |
| जम्मा | | ५६८७५५५।- | |

(ट) खर्च सम्वन्धी विवरण

| सि.नं. | विवरण | वार्षिक बजेट रु. | त्रैमासिक खर्च रु. | खर्च प्रयोजन |
|---|---|---|---|---|
| १ | चालु खाता | २६५४६०००।- | ७३३४६७३।८० | तलव भत्ता, प्रशासनिक खर्च, टुहुरा तथा घाइते अपाङ्ग राहत |
| २ | पुंजीगत खाता | २५७०००००।- | १५५५१३७५।- | कार्यालय फर्निचर, मेशिनरी, पुंजीगत सुधार खर्च, गैह्रसरकारी भवन |
| ३ | कार्यसंचालन कोष | ५५६५८६४२।२० | ०।- | दैवी प्रकोप, विमा, क्षतिपूर्ति, अन्य |

**(ठ)** बजार अनुगमन सम्बन्धी विवरण :

१) मिति २०७८।०६।०६ गते

जिल्ला संयुक्त बजार अनुगमन टोली सुर्खेतले वीरेन्द्रनगरस्थित गार्डेन मार्ट डिपार्टमेन्टल स्टोरले आम नागरिकबाट कमसल वस्तु विक्री वितरण भईरहेको गुनासो आएपछि मिति २०७८।०६।०६ गते गार्डेन मार्ट डिपार्टमेन्टल स्टोरमा अनुगमन गरिएको थियो। उक्त अनुगमनका क्रममा डिपार्टमेन्टल स्टोरबाट करिब २६ हजार मूल्य बराबरको किरा परेका काजु बरामद गरि नष्ट गरिएको र उपभोक्ताको स्वास्थ्य माथि खेलवाड गरेको पाईएमा कडा कार्वाही गर्ने शर्तमा छोडिएको।




२) मिति २०७८।०६।१९ गते

जिल्ला प्रशासन कार्यालय सुर्खेतको नेतृत्वमा आन्तरिक राजश्व कार्यालय सुर्खेत, नगर प्रहरी कार्यालय तथा राष्ट्रिय उपभोक्ता मञ्चका प्रतिनिधिहरुको संयुक्त अनुगमन टोलीबाट मिति २०७८।०६।१९ गते सुर्खेत जिल्लाको वीरेन्द्रनगर बजार क्षेत्रमा रहेको भुसाल अर्डर एण्ड सप्लायर्समा अनुगमन गरियो। उक्त अनुगमनको क्रममा झुम्का सुपर पावर सुर्ती २६१ पाउच, वल्व छाप सूर्ती १४८ पाउच अन्तशुल्क स्टिकर टाँस नभएको पाइएकोले छानविनको लागि नियन्त्रणमा लिइएको साथै उपभोग्य म्याद समाप्त भएको मेङगो क्यान्डी (चक्लेट) ३१ बोरा (प्रति बोरा ६० प्याकेट) जफत गरी नष्ट गरिएको।










३) मिति २०७८।०६।२० गते

जिल्ला प्रशासन कार्यालय, सुर्खेत, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, स्थानिय प्रहरी, सम्बन्धीत स्थानिय तह र राष्ट्रिय उपभोक्ता अधिकार मञ्चका प्रतिनिधी समेतको संयुक्त बजार अनुगमन टोलीबाट मिति २०७८।०६।२० गते जिल्लाका पूर्वि क्षेत्रका सिम्ता गाउँपालिकाको जामुने बजार, गुर्भाकोट नगरपालिकाको बोटेचौर बजार र भेरीगंगा नगरपालिकाको छिन्चु बजार क्षेत्रमा रहेका खाद्य किराना तथा विभिन्न उपभोग्य सामाग्रि विक्रि वितरण गर्ने विभिन्न २५ वटा पसलहरुमा अनुगमन गरियो । अनुगमनका क्रममा विभिन्न उपभोग्य म्याद समाप्त भएका करिव रु ३५,०००।- मुल्यका खाद्य सामाग्रि (मिन्टु मसला-१ पोका, दालमोट-५९ पोका, नरिवल लड्डु-१५ जार, केक १४ ग्राम-३२ प्याकेट, किप्स चिप्स-८७ प्याकेट, नागिन-६ पिस, दाल पिठो-३१ पोका, सुजि-३ पोका, काजु केक-४५ प्याकेट, कोल्ड ड्रिङ्स-५ दर्जन, चिउरा-१ पोका, चोखो बम-१ जार, केबि हिरो मिठाई-२ जार, क्रिम मिल्क-३ डिब्बा र हरियो मटर-५ पोका) नियन्त्रणमा लिई स्थानिय पालिकाका प्रमुख प्रशासकीय अधिकृतको रोहवरमा अनुगमन टोलिबाट जलाई नष्ट गरिएको थियो । अनुगमनकै क्रममा भेरीगंगा नगरपालिकाको छिन्चु बजारमा रहेको बराल इन्टरप्राइजेज र स्याङ्जा किराना पसलको गोदामबाट केही खाद्य बस्तुको नमुना संकलन कार्य गरिएको थियो भने बराल इन्टरप्राइजेजको गोदामबाट मनोज खाद्य उद्योग विरगंजबाट उत्पादित मेरो मयुर ब्राण्ड चामलमा उत्पादन मिति उल्लेख नभएकोले ५० बोरा चामल विक्रि वितरण गर्न रोक्का राखिएको थियो ।

अनुगमनका क्रममा विगतमा भएको अनुगमनमा दिइएका सुझाव कार्यान्वयन भए/नभएको, मुल्य सूचि राखे/नराखेको, पसल दर्ता, समाग्रिको व्यवस्थापन, खाद्य सामाग्रिमा लेवल भए/नभएको हेरेर मात्र विक्रि वितरण गर्न सुझाव दिइएको थियो ।

उक्त अनुगमन टोली जिल्ला प्रशासन कार्यालय, सुर्खेतका प्रशासकीय अधिकत श्री पदमलाल लामिछानेको नेतृत्वमा खाध्यप्रविधि तथा गुण नियण्त्रण डिभिजन कार्यालय, सुर्खेतका प्रमुख भेष बहादुर थापा, उपभोक्ता अधिकार मञ्चका आकाशतारा बयक, स्थानिय पालिका र स्थानीय तहका कर्मचारीसमेतको सहभागिता रहेको थियो ।











४) मिति २०७८।०६।२२ गते

जिल्ला प्रशासन कार्यालय, सुर्खेत, वाणिज्य तथा आपूर्ति कार्यालय नेपालगंज, उद्योग वाणिज्य संघ, सुर्खेत, जिल्ला प्रहरी कार्यालय, सुर्खेत, स्थानीय पत्रकार समेतको संयूक्त टोलीबाट मिति २०७८।०६।२२ गते वीरेन्द्रनगर बजारक्षेत्रका खाद्य, किनारा तथा मार्ट पसलहरु गरी विभिन्न दशवटा पसलहरुमा अनुगमन भयो । अनुगमनको क्रममा विभिन्न उपभोग्य म्याद समाप्त भएका करिब रु २५०००।- मूल्य बराबरका विभिन्न खाद्य तथा उपभोग्य सामाग्रीहरु (विस्कुट, क्रिम, कोलगेट, सुजी, कोल्ड ड्रिंस, दालमोट, पाउरोटी, मसला, खाने तेल आदी ।) नियन्त्रणमा लिई अनुगमन टोलीबाट जलाई नस्ट गरियो । अनुगमनकै क्रममा स्काई जनरल स्टोर सुर्खेतलाई रु ५०००।- जरिवाना समेत गरियो । साथै उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण

निर्देशनालय, सुर्खेत र जिल्ला प्रशासन कार्यालय, सुर्खेतको अर्को अनुगमन टोलीबाट वीरेन्द्रनगर बजार क्षेत्रका विभिन्न पसलहरुमा नापतौलका विभिन्न सामाग्रीहरुको अनुगमन गरियो।

बजार अनुगमनको क्रममा विगतमा भएका अनुगमनको क्रममा दिईएको सुझावहरुको कार्यान्वयन भए/नभएको, मूल्य सुची राखे/नराखेको, पसल दर्ता गरे/नगरेको, खाद्य तथा गैह्र खाद्य सामाग्रीहरुको छुट्टाछुट्टै व्यवस्थापन गरे/नगरेको, उपभोग्य म्याद समाप्त भए/नभएको नापतौलका सामाग्रीहरु दुरुस्त रहे/नरहेको आदी जस्ता कुराहरुलाई ध्यान दिई मालसामानहरुको विक्रि वितरण गर्न सुझावहरु दिईयो।





५) मिति २०७८।०६।३१ गते

खाद्य व्यवस्था तथा व्यापार कम्पनीको विक्री वितरणमा रोक लगाइएको चमालको नमूना संकलन गरिएको छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय सुर्खेतले आईतबार कम्पनीको सुर्खेत स्थित प्रादेशिक कार्यालयमा रहेको १ हजार ९ सय ७५ क्विन्टल चामलको नमूना संकलन गरेको हो।

खाद्य प्रविधि विभागले डिभिजन कार्यालय सुर्खेतलाई उक्त चामलको ल्याव परीक्षका लागि नमूना संकलन गर्न निर्देशन दिएपछि संयुक्त अनुगमन टोलीले चामलको नमूना संकलन गरेको हो। असोज ६ गते विक्री वितरणमा रोक लगाइएको उक्त बासमति चामलको प्रयोगशालामा परीक्षणका लागि नमूना संकलन गरी परीक्षणको लागि ल्यावमा पठाइएको।





६) मिति २०७८।०६।२३ गते

जिल्ला प्रशासन कार्यालय सुर्खेत, वीरेन्द्रनगर नगरपालिका सुर्खेत, नगरप्रहरी कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय,उपभोक्ता हित संरक्षण मञ्च, पत्रकार र राष्ट्रिय उपभोक्ता अधिकार मञ्चका प्रतिनिधी समेतको संयुक्त बजार अनुगमन टोलीबाट मिति २०७८।०६।२३ गते सुर्खेत जिल्लाको हटियालाइन,एरीचोक,औधोगिक क्षेत्र लगायतका क्षेत्रहरुमा संचालन भएका मासु पसल, बधशाला र डेरी उद्योगहरुको अनुगमन गरियो।

अनुगमनको क्रममा भेरी बंगुर तथा रागाँ मासु पसलमा मूल्य सुची नभएको, व्यवसायदर्ता नवीकरण नभएको साइनवोर्ड नराखेको भेटियो। उक्त मासु पसललाई व्यवसाय दर्ता नवीकरण गर्न ३ दिन भित्र नगरपालिकाको कार्यालयमा उपस्थित हुन सुझाव दिईएको, साइनवोर्ड तथा मूल्यसूची राख्न सुझाव दिइएको। अनुगमनको क्रममा अशोक मासु पसल वीरेन्द्रनगर ६, मा संयुक्त बजार अनुगमन टोलीले अनुगमन गर्दा खुला ठाउँमा मासु बेच्ने गरेको व्यवसाय दर्ताको आवश्यक काजजात देखाउन नसकेको, मूल्यसूची नभएको, बधशालामा खशी काट्ने नगरेको घरमै काट्ने गरेको पाइयो। निजलाई ३ दिन भित्र आवश्यक काजजात सहित नगरपालिको कार्यालयमा उपस्थित हुन सुझाव दिइएको।

अनुगमनको क्रममा सुर्खेत नेपाल टेलिकम नजिकै रहेको खशी बोका बधशालाको पनि संयुक्त अनुगमन टोलीले अनुगमन गरियो। उक्त बधशालामा आवश्यक काजजात केही नभएको, सरसफाईमा विशेष ध्यान दिनुपर्ने, ३ दिन भित्र आवश्यक काजजात सहित नगरपालिको कार्यालयमा उपस्थित हुन सुझाव दिइएको। अनुगमनकै क्रममा एरिचोक नजिक रहेको मास्की मासु पसलको अनुगमन गरियो । अनुगमनको क्रममा बधशालामा खसी काट्ने नगरेको, आवश्यक कागजातहरु देखाउन नसकेको, निजलाई ३ दिन भित्र आवश्यक काजजात सहित नगरपालिको कार्यालयमा उपस्थित हुन सुझाव दिइएको।

अनुगमनको क्रममा अनिस डेरी उद्योगको पनि अनुगमन गरियो।अनुगमनको क्रममा व्यवसाय नवीकरण गनुपर्ने, सरसफाईमा विशेष ध्यान दिनुपर्ने, निजलाई ३ दिन भित्र आवश्यक काजजात सहित नगरपालिको कार्यालयमा उपस्थित हुन सुझाव दिइएको। अनुगमनको क्रममा वीरेन्द्रनगर औधोगिक क्षेत्रमा रहेको सुर्खेत डेरी उद्योग प्रा.लि.को अनुगमन गरियो। उक्त डेरी उद्योगको सम्पूर्ण काजगातहरु ठिक दुरुस्त भएको, सरसफाईको राम्रो व्यवस्था भएको र डेरी उद्योगमा हुनुपर्ने सम्पूर्ण मापदण्ड पुरा गरेको।

७) मिति २०७८।०६।२४ गते

जिल्ला प्रशासन कार्यालय सुर्खेत, वीरेन्द्रनगर नगरपालिका, नगरप्रहरी कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय उपभोक्ता हित संरक्षण मञ्च, पत्रकार र राष्ट्रिय उपभोक्ता अधिकार मञ्चका प्रतिनिधी समेतको संयुक्त बजार अनुगमन टोलीबाट मिति २०७८।०६।२३ गते सुर्खेत जिल्लाको गणेशचोक,एरीचोक,टेम्पोपार्कका किराना पसल, होलसेल पसल, र एग्रोभेट पसलमा गरिएको संयुक्त अनुगमनमा न्यौपाने किराना पसल गणेशचोकमा अनुगमनको क्रममा वडा व्यवसाय दर्ता गर्नुपर्ने, मूल्यसूची राख्ने, खाद्य र अखाद्य बस्तुलाई छुट्टा छुट्टै राख्नु पर्ने सुझाव दिइएको। अनुगमनको क्रममा खिम किराना पसल गणेशचोकामा पनि अनुगमन गरियो। सो अनुगमनको क्रममा उक्त किराना पसलले

व्यवसाय दर्ताको प्रमाणपत्रहरु पेश गर्न नसकेको, ३३ पोका बरफ उत्पादन मिति उल्लेख नभएको जफत गरिएको। ३ दिन भित्र आवश्यक प्रमाणसहित न.पा कार्यालयमा उपस्थित हुन भनिएको।

अनुगमनको क्रममा न्यू आचार्य किराना पसल वि.न.पा.२ सुर्खेतमा गरिएको बजार अनुगमनमा मूल्य सूची नभएको, साइनवोर्ड नराखेको, व्यवसाय दर्ता वडा कार्यालयमा गर्नुपर्ने, खाद्य र अखाद्य बस्तुलाई छुट्टा छुट्टै राख्नु पर्ने सुझाव दिइएको अन्य व्यवसायदर्ता सम्वन्धी कागजातहरु भएको पाइयो। अनुगमनको क्रममा पोखरेल जनरल स्टोर वि.न.पा.२ सुर्खेतको पनि अनुगमन गरियो। अनुगमनको क्रममा उक्त पसलमा पशु आहार बेच्ने गरेको अब उप्रान्त पशुदान बेच्न रोक लगाइएको, नापतौलको अनुमति लिएर मात्र दर्ता तौल राख्नुपर्ने, मूल्य सूची राख्नुपर्ने सुझाव दिइएको।

अनुगमनको क्रममा भावना स्टोर्स वि.न.पा.२ सुर्खेतमा अनुगमन गर्दा उक्त स्टोर्सको व्यवसायदर्ता प्रमाणपत्रहरु देखाउन नसकेको,साइनबोर्ड तथा मूल्यसुची नराखेको ३ दिन भित्र आवश्यक प्रमाणसहित न.पा कार्यालयमा उपस्थित हुन भनिएको अनुगमनको क्रममा उषा भेटफार्म वि.न.पा.२ सुर्खेतको अनुगमन गरियो। भेट संचालकको विषादी विक्री वितरण गर्ने नभएको बिउ बिजनमा उत्पादन मिति उल्लेख नभएको अब उप्रान्त बिउबिजन प्याक गर्दा उत्पादक मिति उल्लेख गर्ने र तत्काल नगरपालिकोको कृषि शाखासंग समन्वय गरी आवश्यक प्रक्रियामा जान सुझाव दिइएको छ।

उक्त अनुगमन टोलीमा वीरेन्द्रनगर नगपालिका इन्द्र बहादुर थापा, यामलाल गिरी खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयका प्रमुख भेष बहादुर थापा तथा जिल्ला प्रशासन कार्यालयका ना.सु दिपक प्रसाद शर्मा उपभोक्ता हित संरक्षण मंचका विन्दुलाल रेग्मी, उपभोक्ता अधिकार मञ्चका प्रतिनिधी आकाशतारा वयक पत्रकार टेकराज के.सी. को सहभागिता रहेको थियो।

## (ड) सम्पर्क

| | |
|---|---|
| कार्यालयको वेवइसाइट | : daosurkhet.moha.gov.np |
| ईमेल | : sukhetdao@gmail.com, daosurkhet@moha.gov.np |
| फेसवुक पेज | : https://www.facebook.com/surkhetdao |
| ट्विटर | : https://twitter.com/daosurkhet |
| गुगल प्लस कोड | : JC2C+98 Birendranagar, Nepal |
| फोन | : ०८३-५२०१२१, ०८३-५२०१२२, ०८३-५२३१२१, ०८३-५२०१२३ |
| फ्याक्स | : ०८३-५२०३११ |
| टोल फ्रि नं. | : १६६०८३५२०१० |
| प्रमुख जिल्ला अधिकारी | : श्री छविलाल रिजाल |
| सम्पर्क नं. | : ९८५८००७७७७ |
| सूचना अधिकारी | : श्री श्रीसम्सेर रानामगर |
| सम्पर्क नं. | : ९८५८०२३८५५ |